जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ अंक २४५ २०८० साल बैशाख २० गते बुधबार (3 May 2023 Wednesday) मूल्य रु. ५/-

**हावाहुरीबाट बचौं र बचाऔं**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**जनहीतका लागि**

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : डिजिटल रूपान्तरणको ... ३ पृष्ठमा : सुरक्षित सूचना प्रविधि : सुशासन ... ३ पृष्ठमासीमा क्षेत्रमा शान्तिसुरक्षा कायम...

# बालमन्दिरलाई पुरानै अवस्थामा फर्काउन मधेश प्रदेशका मन्त्री यादवको तयारी






**दैनिक समाचारदाता**
**राजविराज, १९ बैशाख ।**

बि.स. २०२६ सालमा तत्कालीन बडा महारानी रत्नराज्य लक्ष्मीदेवी शाहद्वारा उद्घाटन गरि पठनपाठन सुरु भएको राजविराज ७ स्थित बाल मन्दिरको अवस्था अहिले बेहाल भएको छ ।

त्यति बेला एघार जना शिक्षक तथा चार सय विद्यार्थी अध्ययनरत रहेको उक्त बालमन्दिरमा बजेट तथा साधन स्रोतको कमी भएसँगै अहिले विद्यार्थी संख्या पनि घट्दै गएको छ ।

मंगलबार बालमन्दिरको निरीक्षणका लागि पुगेका मधेश प्रदेशका शिक्षा विज्ञान प्रबिधि मन्त्री महेशप्रसाद यादवले अवस्था हेरेर आश्चर्यमा परे । आफू यसै बाल मन्दिरमा वाल्यकालमा अध्ययन गरेको भन्दै उनी संस्थाको जीर्ण भवन, घटेको विद्यार्थी संख्या देखेर दु:खित भए ।

निरीक्षणकै क्रममा मन्त्री यादवको आँखा बाल मन्दिर प्राङ्गणको एउटा कुनामा थोत्रो अवस्थामा राखिएको रिक्सामाथी परेपछि उनले आफू पढ्दै गर्दा सञ्चालनमा रहेको सोही रिक्साबाटै विद्यार्थी ओसारपोसार गर्ने गरेको सम्झिए । उनले रिक्साको अवस्था देखेर बाल मन्दिरकी प्रधानाध्यापक शान्ति झासँग सोध्दा रिक्सा चालकलाई तलब दिन सक्ने क्षमता नरहेकोले एउटा कुनामा थन्क्याईएको कस्बताइन् ।

प्रधानाध्यापक झाले रिक्साको अवस्था बारे मन्त्री यादवलाई जानकारी गराउँदै पाँच कोठे भवन जीर्ण भएका कारण जेनतेन मर्मत सम्भार गरी सञ्चालनमा ल्याईएका दुई वटा कोठामा समूह बनाएर पाँच कक्षा सम्मको पढाई सञ्चालन गरिरहेको बताइन् ।

अहिले ४ जना शिक्षकबाट पढाई संचालनमा रहेको र चालु शैक्षिक सत्रमा कक्षा १ मा २०, २ मा १५, ३ मा १७, ४ मा ११, ५ मा १० र बाल विकासमा १७ विद्यार्थी अध्ययनरत रहेको प्रअ झाले मन्त्री यादवलाई जानकारी गराइन् ।

सोही क्रममा जीर्ण भवनको मर्मत, स्वच्छ पिउने पानीको व्यवस्था तथा खेलकूद सामग्रीको व्यवस्था आवश्यक रहेको मन्त्री यादवलाई विद्यालयका तर्फबाट जानकारी गराईएको छ ।

पाँच कक्षासम्म पठनपाठन हुने बालमन्दिरमा त्यो वेला सयौं वालवालिका अध्ययनकालागि आउने गरेकोमा अहिले ९० जनामा मात्रै सिमित रहेको जानकारी पाउँदा मन्त्रि यादव निकै खिन्नता व्यक्त गरे ।

हाल संघीय सरकार मातहत रहेको बालमन्दिरको अवस्था सुधार्नकालागि बजेटको आवश्यकता रहेको शिक्षा अधिकृत भोगेन्द्र यादवले जानकारी गराएका छन् ।

बाल मन्दिरको अवस्था बारे पूर्ण जानकारी लिइसकेपछि मन्त्री यादवले पुरानै अवस्थामा फर्काई नमूना विद्यालय बनाउन आफूले सक्दो प्रयास गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

# सात लाख १० हजार नगदसहित ४४ लाख भन्दा बढीको धनमाल जलेर नष्ट

**दैनिक समाचारदाता**
**राजविराज, १९ बैशाख ।**

सप्तरीको कंचनरुप नगरपालिका १ बैरवा टोलमा मंगलबार अचानक आगलागि हुँदा नगद ७ लाख १० हजार नगदसहित ४४ लाख भन्दा बढीको धनमाल जलेर नष्ट भएको छ ।

स्थानिय कलिम शेखको आफ्नै सुत्ने फुसको घरमा अचानक आगलगि हुदाँ सँगै टासिएको गाईगोठ जलि पुर्ण रुपमा नष्ट हुनुका साथै आगो फैलिएर ६ जना छिमेकीको घर, नगद, सुनचादी, लत्ताकपडा तथा अन्य सामानहरुसमेत जलेर नष्ट हुँदा उक्त मुल्य बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

आगलागिमा कलिम शेखको घर भित्र रहेको ल्यापट, ३ थान मोबाईल तथा नगद २५ हजारलगायत अन्य सामाग्रिहरुसहित १० लाख, हदिसा खातुन नगद १२ हजारसहित अन्य सामाग्रिसहित १ लाख ५० हजार, ईस्लाम शेखको नगद ४ लाख र अन्य सामाग्रिहसहित १० लाख, अशलम शेखको विभिन्न सामानहसहित ७ लाख, आशिस शेखको नगद १ लाख ३५ हजार तथा अन्य सामाग्रिसहित १० लाख र लजिना खातुनको घरसहित ६ लाख मुल्य बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

आगो कञ्चनपुरबाट खटिएको टोली, स्थानियबासि, कंचनरुपको दमकल तथा सशस्त्र प्रहरीको सहयोगमा नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ ।

यस्तै सोही दिन कंचनरुप नगरपालिका १ महादेवपट्टि निवासी भटन शेख घर नजिकै रहेको परालको टालमा अचानक आगलागि हुँदा २० हजार मुल्य बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

उक्त आगो स्थानियबासी, नेपाल प्रहरी र हनुमाननगरको दमकलको सहयोगमा नियन्त्रणमा लिइएको जनाइएको छ ।

# विंगर दुर्घटना हुँदा पाँच जना यात्रु घाइते

**दैनिक समाचारदाता**
**राजविराज, १९ बैशाख ।**

सप्तरीको अग्निसाईर कृष्णसावरण गाउँपालिका १ जन्डोलस्थित भित्रि सडक खण्डमा आफै अनियन्त्रित भई विंगर पोखरीमा दुर्घटना हुँदा पाँच जना यात्रु घाइते भएका छन् ।

उत्तरबाट दक्षिणतर्फ जादै

*बाँकी अन्तिम पृष्ठमा*

# श्रोत नखुलेको भारतीय रुपैंयासहित एक पक्राउ

**दैनिक समाचारदाता**
**पर्सा, १९ बैशाख ।**

पर्साको बिरगंज महानगरपालिका १६ रजतजयन्ती चोकमा प्रहरीले श्रोत नखुलेको ३ लाख ७५ हजार ८ सय भारतीय रकमसहित एक जनालाई पक्राउ गरेको छ ।

प्रहरी चौकी ईनर्वाबाट खटीएको प्रहरी चेकिङ टोलिले बिरगंजबाट भारतको रक्सौलतर्फ जाँदैं गरेको पैदलयात्री भारतको बिहार राज्यस्थित मोतिहारी ग्राम पंचायत करमवा रघुनाथपुर टोल वडा नं. १२ बस्ने ३९ वर्षिय अमित कुमार सिंहलाई पक्राउ गरेको हो ।

प्रहरीलाई शंका लागी सिंहले बोकेको झोला खोली चेकजाँच गर्दा झोलामा श्रोत नखुलेको प्रतिबन्धित ३ लाख ७५ हजार ८ सय फेला परेकोले रकमसहित नियन्त्रणमा लिई थप अनुसन्धानका लागि नियन्त्रणमा लिएको जनाइएको छ ।

# ट्याक्टरको ठक्करबाट युवक घाइते

**दैनिक समाचारदाता**
**राजविराज, १९ बैशाख ।**

सप्तरीको सुरुङगा नगरपालिका २ चहका खोलास्थित सोमबार ट्याक्टरको ठक्करबाट एक युवक घाइते भएका छन् ।

खडक नगरपालिका ४ बाट आएको स.१त.५२९२ नम्बरको ट्याक्टरलाई चहका खोलमा बालुवा लिन आएको नम्बर

*बाँकी अन्तिम पृष्ठमा*

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**छिन्नमस्ता गाउँपालिका, सप्तरी**

## सम्पादकीय

### विभेद के का लागि !

विभेदरहित देश बनाउन असम्भव हुने कुरा कटुसत्य हो । राज्य र सचेत नागरिकले इमान्दार प्रयास गरेमा सबै प्रकारका विभेद न्यूनीकरण गर्न सकिन्छ भने मान्यता रहको छ । नेपाल सबै भन्दा बढी जातीय भेदभाव रहेको छ । सानो जातका भनिएका दलितहरुलाई हजारौं वर्षदेखि विभेद गरिदै आइएको छ । हुन त संसारका विकसित र विकाशील देशहरुमा धन, जात, रंग, धर्म, लिंग लगायतका आधारमा विभेद हुने गरेको छ । नेपाल पनि त्यसबाट अछुतो रहन सकेको छैन् ।

दलित समुदायलाई पहाडे दलित, मधेशी दलित र नेवारी दलितमा विभाजन गर्ने गरिन्छ र सबैभन्दा पीडित भने मधेशी दलित छन् । नेपालको संविधान २०७२ धारा २४ ले छुवाछुत तथा भेदभाव विरुद्धको हक सुनिश्चित गरेको छ । धारा २४.१ बमोजिम कुनै पनि व्यक्तिलाई निजको उत्पति, जातजाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाका आधारमा निजी तथा सार्वजनिक स्थानमा भेदभाव गर्नु हुन्न भन्दाभन्दै पनि कानूनको फितलो कार्यान्वयनका कारण अझै पनि दलितहरुसँग जातीय भेदभाव र छुवाछुत कायमै रहेको छ । नेपालले पनि जातीय लगायत हरेक प्रकारका भेदभाव न्यूनीकरण गर्ने प्रचार गरेन भने शक्ति केन्द्रहरुलाई अस्थिर नेपाल बनाई राख्न झन सजिलो हुनेछ ।

तसर्थ विभेद के का लागि ! अब त्यसका लागि कानूनलाई अझ सक्रिय बनाएर कार्यान्वयन पक्षलाई चुस्तदुरुस्त बनाउनु आवश्यक छ ।

# डिजिटल रूपान्तरणको बाटोमा

**आनन्दराज खनाल**
काठमाडौँ, १९ वैशाख (रासस) ।

‘सूचना तथा सञ्चार प्रविधिका माध्यमबाट अति कम विकसित देशहरूको सशक्तीकरण’ लाई मूल नारा बनाएर अन्तर्राष्ट्रिय दूरसञ्चार सङ्घले यही १७ मे २०२३ का दिन विश्व दूरसञ्चार तथा सूचना समाज दिवस मनाइँदैछ । यस वर्षको नाराभित्र दुईवटा विषयलाई प्राथमिकतामा राखिएको छ । पहिलो, कनेक्टिभिटी र दोस्रो, डिजिटल रूपान्तरण ।

विश्वका अल्पविकसित देशहरू विभिन्न खाले डिजिटल विभाजनको गहिराइमा भासिएका छन् । अन्तर्राष्ट्रिय दूरसञ्चार सङ्घले प्रकाशित गरेको तथ्याङ्कअनुसार सन् २०२२ को अन्त्यसम्ममा इन्टरनेटमा नजोडिएका २.७ अर्ब मानिसमध्ये करिब एक तिहाइ जनसङ्ख्या ४६ अल्पविकसित देशमा बसोबास गर्दछन् ।

इन्टरनेट प्रयोगको अवस्था हेर्ने हो भने सन् २०२२ मा अतिकम विकसित देशहरूमा जनसङ्ख्याको ३६ प्रतिशत मानिस मात्र अनलाइनमा रहेका छन् । लैङ्गिक दृष्टिकोणबाट हेर्दा यी देशहरूमा ४३ प्रतिशत पुरुष जनसङ्ख्या अनलाइन थिए भने अनलाइन महिलाहरूको प्रतिशत केवल ३० प्रतिशत मात्र छ । त्यस्तै,

४८ प्रतिशत युवाहरू (१५-२४ वर्षका) अनलाइनमा थिए । सहरी क्षेत्रमा जनसङ्ख्याको ५२ प्रतिशतको तुलनामा ग्रामीण क्षेत्रमा जनसङ्ख्याको २८ प्रतिशत मात्र अनलाइनमा थिए ।

नेपालको कुरा गर्दा नेपाल दूरसञ्चार प्राधिकरणले यसरी छुट्याएर तथ्याङ्क सङ्कलन गर्दैन र सार्वजनिक गरिने तथ्याङ्क पनि कसैले एकपटक सेवा लिएका आधारमा सेवा लिन बन्द गरे पनि गणना हुने गरी सङ्कलन गरिन्छ । एकजनाले धेरै सेवा प्रदायकको सेवा लिइरहेको भए त्यो पनि छुटिँदैन । प्राधिकरणले सार्वजनिक गरेको पछिल्लो तथ्याङ्कअनुसार १२५.८९ प्रतिशत जनसङ्ख्याले मोबाइल सेवा प्रयोग गरेका छन् । यसमा ३जी र ४जीकै प्रयोगकर्ता ९२.७८ प्रतिशत छन् । त्यस्तै, १.५६ प्रतिशत जनसङ्ख्याको घरमा टेलिफोन लाइन पुगेको छ । ब्रोडब्यान्डको कुरा गर्दा ९४.३७ प्रतिशत जनसङ्ख्याले यो सेवा प्रयोग गरेका छन् । माथि भनिएजस्तै यी तथ्याङ्कहरू यथार्थपरक छैनन् ।

देशमा २०५२/२०६२ को दशवर्षे आन्तरिक द्वन्द्वको मार यो क्षेत्रले पनि नराम्रोसँग भोग्नु पऱ्यो । यतिबेला विस्तार त परै जाओस्, भइरहेका दूरसञ्चार पूर्वाधारहरूको संरक्षणसमेत हुने सकेन । तथापि, हालको स्थितिलाई हेर्दा दूरसञ्चार सेवामा पहुँचका हिसाबले नेपाल अन्य अतिकम विकसित राष्ट्रहरूको तुलनामा औसतभन्दा माथि नै रहेको छ । व्यवस्थित पहुँच, गुणस्तरीय पहुँचका लागि राज्यस्तरबाट थप प्रयास भइरहेकै छन् ।

नेपाल दूरसञ्चार प्राधिकरणअन्तर्गत रहेको ग्रामीण दूरसञ्चार विकास कोषबाट दुईवटा ठूला योजना कार्यान्वयन भइरहेका छन् । पहिलो हो अप्टिकल फाइबरमा आधारित मध्यपहाडी लोकमार्ग तथा जिल्ला सदरमुकाम जोड्ने सूचना महामार्ग निर्माण तथा सञ्चालन । यसअन्तर्गत तीन प्याकेजमा करिब छ हजार किमीभन्दा बढी अप्टिकल केवल विस्तार र आवश्यक डिडब्लुडिएम तथा कोर राउटरजस्ता नेटवर्क उपकरण जडान गर्नुपर्नेमा खासै प्रगति हुन सकेको देखिन्न । नेपाल टेलिकमको सुस्त काम गर्ने शैली र उसका आफ्नै परियोजना अलपत्र भएका बखत, ग्रामीण दूरसञ्चार विकास कोषअन्तर्गतको परियोजनाहरूले प्राथमिकता नपाउनु स्वाभाविक हुन जान्छ । एउटा परियोजना त अदालतमा पुगेकाले कामै सुरु भएको छैन ।

दोस्रो हो, ब्रोडब्यान्ड एक्सेस नेटवर्क । नगरपालिका, गाउँपालिका तथा सोही अन्तर्गतका वडा कार्यालय, सामुदायिक मावि सामुदायिक स्वास्थ्य संस्था/केन्द्रहरूमा ब्रोडब्यान्ड सेवा उपलब्ध गराउनका लागि बहुवर्षीय रूपमा १८ वटा परियोजनामार्फत ७४ जिल्लाअन्तर्गतका सात सय आठ स्थानीय निकायका कार्यालय, पाँच हजार नौ सय ३३ वडा कार्यालय, पाँच हजार दुई सय ९९ सामुदायिक मावि र चार हजार दुई सय ३७ स्वास्थ्य संस्था गरी कूल १६ हजार एक सय ७७ स्थानमा ब्रोडब्यान्ड सेवा उपलब्ध गराइएको छ । साथै, उपत्यकाभित्र सेवा नपुगेका ललितपुर जिल्लाअन्तर्गतका गाउँपालिका, सामुदायिक शैक्षिक संस्था, स्वास्थ्य संस्थाहरूमा समेत ब्रोडब्यान्ड सेवा उपलब्ध गराउने कार्यक्रमअन्तर्गत कूल एक सय ३४ स्थानमा ब्रोडब्यान्ड इन्टरनेट सेवा उपलब्ध गराइएको छ ।

ब्याकबोन नेटवर्क नै नबनी सुरु भएका यी परियोजनाहरू पूरा भए पनि आवश्यकताअनुसारको न गुणस्तर छ, न क्षमताका छन् । तसर्थ, यी परियोजनाले लक्षित प्रतिफल दिने सम्भावना भने कम छन् । तर इन्टरनेट नै नभएका स्थानमा कम गुणस्तर र कम क्षमताकै भए पनि इन्टरनेट पुग्नुलाई भने ठूलै उपलब्धि मान्नुपर्ने हुन्छ । दूरसञ्चार सेवाको पहुँचका लागि निजी तथा सार्वजनिक सेवा प्रदायकहरूले आ-आफ्नै ढङ्गले काम गरिरहेकै थिए तर सार्वजनिक-निजी साझेदारीअन्तर्गत अघि बढेका यी परियोजनाले निजी क्षेत्रको प्रयासमा थप टेवा भने पुगेको छ ।

अर्को विषय हो डिजिटल रूपान्तरण । यसका लागि इन्टरनेटलगायत अन्य डिजिटल प्रविधिमा सबैको पहुँच अनिवार्य सर्त हो । इन्टरनेटको प्रयोग र अवलम्बनका सम्बन्धमा चारवटा अवरोध देखिन्छ । पहिलो त सहज पहुँच नै हो । अघि नै भनियो, पहुँचका दृष्टिकोणबाट नेपालको विकास सन्तोषजनक नै छ र थप प्रयास पनि भइरहेका छन् । क्रयशक्तिको कमीले पहुँचमा अवरोध, सीपको अभाव र सान्दर्भिकताको अभाव । दोस्रो आयाममा कुरा गर्दा यी चारै अवरोध चिर्नुपर्ने हुन्छ ।

दोस्रो आयाम भनेको डिजिटल रुपान्तरण हो । डिजिटल रूपान्तरण एउटा नियमित प्रक्रिया हो । यसको सुरुआत भनेको हाम्रा एनालग डाटाहरूलाई पहिला डिजिटल रूपमा परिवर्तन गर्नु । जस्तैः हाम्रा कागजमा रहेका दस्तावेजहरू, चित्रहरू, अडियो, भिडियोजस्ता सबै सूचना रहेका सामग्रीलाई एनालगबाट डिजिटल रूपमा परिवर्तन गर्नु पऱ्यो । यो प्रक्रियालाई हामी ‘डिजिटाइजिङ’ भन्न सक्छौं अर्थात् एनालगलाई डिजिटलमा लैजाने कार्य ।

नेपालको कुरा गर्ने हो भने हामीले यो चरणमा प्रवेश गरेका छौँ तर पूरा गरेका छैनौँ । कतै यो कर्म भइरहेको छ भने कतै सुरु नै नभएको पनि अवस्था छ । हामीले ती सामग्रीको उपयोगिता मूल्याङ्कन गरेर प्राथमिकताका आधारमा यो चरण पार गर्नैपर्ने हुन्छ । डिजिटल रूपमा उपलब्ध सामग्रीलाई मात्र अन्य डिजिटल प्रविधिको प्रयोग गरी उपयोगी बनाउन सकिन्छ । तसर्थ डिजिटाइजेसन पहिलो सर्त हो, डिजिटल रूपान्तरणका लागि । यी त भए पहिलेकै एनालगमा रहेका सामग्रीको डिजिटलीकरण गर्ने कुरा । अब सिर्जना गरिने सबै सामग्री डिजिटल रूपमा नै हुनुपर्छ भन्ने हेक्का राखौँ ।

नेपालमै पनि यदाकदा सुनिने शब्द हो ‘अफिस अटोमेसन’ । ‘अफिस अटोमेसन’ भन्नाले हामी के बुझ्दछौँ भने हाम्रो कार्यालयले कसैलाई ‘अफिस अटोमेसन’ सफ्टवेयर निर्माण गर्न दियो । यसमा हामीले कार्यालयमा हुने दर्तादेखि चलानीसम्म कम्प्युटरकै माध्यमबाट गर्ने गर्छौं । टिप्पणी लेख्ने काम पनि कम्प्युटरबाटै हुने भयो । सफ्टवेयरबाटै टिप्पणी आदानप्रदान हुने भयो । नेपाली कागजमा न त हातले लेख्न पऱ्यो न त प्रिन्ट नै गर्न पऱ्यो । गजबै भयो । तर विडम्बना के भने दर्तामा बस्नेले अरूले ल्याएको निवेदन र विवरण स्क्यान गरेर कम्प्युटरमा भण्डारण गर्नु पऱ्यो ।

जुन उद्देश्यबाट निवेदनमाथि कारबाही हुने हो ती सबैकामा पालैपालो त्यो दस्ताबेज कम्प्युटरबाटै पुग्ने भयो । उसले पहिले जस्तै निवेदनमा तोक लगाउने भयो, टिप्पणी उठाउने, विभिन्न तहमा पेस गर्दै जाने र निर्णय गर्नेले निर्णय गरेपछि पुनः त्यही क्रममा फर्केर टिप्पणी उठाउने कहाँ पुगेपछि उसले निर्णयानुसारको पत्र तयार गर्ने, चलानी गर्न लगाउने र निवेदक पुनः कार्यालय आएर लिएर जाने हुन्छ । यसमा न समयको कुनै सीमा तोकिएको हुन्छ न, उद्देश्यको सङ्ख्या घटाइएको हुन्छ, न त अनलाइनबाट निवेदन पेस गर्न मिल्छ न इमेलबाट निर्णयानुसारको पत्र नै प्राप्त हुन्छ निवेदकलाई । यस्तो प्रक्रिया अवलम्बन गर्नुपर्ने सफ्टवेयर राखेर हामीले अफिस अटोमेसन गरेका छौँ भनेर डिजिटल रूपान्तरणकै नेतृत्व गर्ने मन्त्रालय र अन्तर्गतका निकायहरूको बुझाइप्रति करुणाभाव उत्पन्न हुने अवस्था विद्यमान छ ।

वास्तवमा ‘अफिस अटोमेसन’ भनेको त त्यस्तो प्रणाली हुनुपऱ्यो, जसमा निवेदकले अनलाइनबाटै आवश्यक विवरणसहितको निवेदन पेस गर्छ, त्यो निवेदन र विवरण, सफ्टवेयरले नै रुजु गर्छ र निर्णय गरी मागबमोजिमको दस्ताबेज निवेदकलाई उपलब्ध गराइदिन्छ । यो हाम्रो मुलुकको कर्मचारीतन्त्रका लागि सोच्न पनि मन नलाग्ने अवस्था हो । यतातिरको यात्रा हामी दूर भविष्यसम्म पनि गर्ने छैनौँ । यदाकदा हामी ‘डिजिटलाइजेसन’ भनेको सुन्छौँ । त्यो भनेको के भने-हामीसँग भएका डिजिटल सूचना, तथ्याङ्क वा दस्ताबेजका आधारमा हामीले उपलब्ध भएका अन्य डिजिटल प्रविधि प्रयोग गरी हाम्रो काम कारबाहीलाई सहज बनाउने छौँ । हामी क्लाउड कम्प्युटिङदेखि बिग डेटा, डेटा एनालिटिक्स, एआई, डिप लर्निङ, मसिन लर्निङ, आइओटीजस्ता अनेकौँ डिजिटल प्रविधि प्रयोग गरेर आफ्नो काममा चुस्तता र प्रभावकारिता ल्याउनेछौँ । दस्ताबेज हामी आफैँ रुजु गर्ने छैनौँ, प्रविधिले गर्नेछ । निर्णय गर्न हामी प्रविधिको सहायता लिनेछौँ आदि ।

अझै पर जाँदा हामी ‘डिजिटल रूपान्तरण’ को चरणमा पुग्नेछौँ । त्यो भनेको त हाम्रो सोच, संस्कार, काम गर्ने संस्कृति, स्वभाव सबै नै रूपान्तरण हुनेछन् । जताततै, जुनसुकै काममा पनि प्रविधिको प्रयोग हुनेछ । यसले बिजनेस मोडेलमा परिवर्तन ल्याउनेछ । सेवाग्राहीको व्यक्तिगत चाहना र रुचिअनुसार सेवा दिइनेछ । र मानिसहरूले यस्तो चरणको कल्पना गरेका छन्, जसलाई उनीहरू ‘डिजिटल सिङ्गुलारिटी’ भनेका छन् । प्रविधि र मानव स्वभावको पूर्ण अन्तरघुलनको अवस्था । हाम्रो कल्पना र धरातलीय यथार्थका दृष्टिले स्वैर कल्पना ।

डिजिटल रूपान्तरणको कुरा गर्दैगर्दा म अझै पनि यी प्रश्नहरू ‘के हामी पारदर्शी हुन चाहन्छौँ ? के हामी प्रभावकारी व्यवस्था चाहन्छौँ ? के हामी कुशल अभ्यास गर्न चाहन्छौँ ? के हामी सेवाग्राहीलाई नभेटी सेवा प्रवाह गर्न चाहन्छौँ ? के हामीलाई समयको चाप महसुस हुन्छ ? के हामी देश र जनताको हितमा आफूले खाइपाइ आएको ‘अन्य’ सुविधा त्याग्न तत्पर छौँ ? के हामी भ्रष्टाचार शून्य प्रशासन-व्यवस्थापनको पक्षधर हौँ ?” को सकारात्मक जवाफ पाउन सकिँदैन ।

यी दुवै प्रयासहरूमा सार्वजनिक र निजी दुवै क्षेत्रहरूको भूमिका रहने छ । यसैका लागि अन्तर्राष्ट्रिय दूरसञ्चार सङ्घले ‘पार्टनर टू कन्ट्याक्ट डिजिटल कोलिसन’ स्थापना गरेको छ । यसैमार्फत अति कम विकसित देशहरूको सशक्तीकरणका लागि सार्वजनिक र निजी दुवै क्षेत्रहरूलाई उल्लेख्य भूमिका खेल्न आह्वानसमेत गरिएको छ । नेपालले पनि पहल गरेको खण्डमा यस कोलिसनमार्फत आर्थिक र प्राविधिक सहयोग लिएर अघि बढ्न सक्दछ । (लेखक नेपाल दूरसञ्चार प्राधिकरणका पूर्ववरिष्ठ निर्देशक हुनुहुन्छ)

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# सुरक्षित सूचना प्रविधि : सुशासन र समृद्धि

**नेत्र सुवेदी 'प्रयास'**
काठमाडौँ, १९ वैशाख (रासस) ।

सूचना प्रविधि भन्ने बित्तिकै कम्प्युटर, मोबाइल, इन्टरनेट, सोसल मिडिया, आर्टिफिसियल इन्टेलिजेन्स (एआई) लगायतका उपकरण र सुविधाहरू हाम्रो मानसपटलमा आइपुग्छन् । सूचना तथा सञ्चार प्रविधि दिवस (आइसिटिडे) हरेक वर्ष अङ्ग्रेजी महिनाको मे २ का दिन पर्दछ । क्यान फेडरेसन र सरकारी निकायले मिलेर यो दिवस मनाउँदै आएकामा यो वर्ष छैटौं सूचना तथा सञ्चार प्रविधि दिवस मनाइँदैछ । यो वर्षका लागि 'सुरक्षित सूचना प्रविधि : सुशासन र समृद्धि' मूल नारा तय भएको छ । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको अगुवाइमा निजी क्षेत्र, क्यान फेडेरेसन, सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित संस्थाहरू समेतको सहभागितामा विविध कार्यक्रमका साथ देशैभर यो दिवस मनाइँदैछ ।

कोभिड-१९ का कारण गरिएको लकडाउन प्रारम्भ हुनासाथ अत्यावश्यक खाद्यान्न, इन्धन तथा स्वास्थ्य सामग्रीको आपूर्ति प्रभावित हुने अनुमान गरिएको थियो भने लकडाउनको पहिलो हप्ताभित्रै सोसल मिडिया र अनलाइन विधिबाट पनि वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागमा गुनासो गर्न सकिने तथा गुनासोको सम्बोधन सम्बन्धमा उपभोक्ता अधिकार व्यवस्थापन सूचना प्रणालीबाटै अनलाइन माध्यमबाट गुनासोकर्तालाई जानकारी गराउने खालको कल सेन्टरको प्रयोग गरिएको थियो । यो पद्धतिबाट विभागमा एक हजार पाँच सयभन्दा बढी उजुरी र पृष्ठपोषण प्राप्त भएका थिए र अधिकांशको सम्बोधनसमेत भएको थियो । हाल सूचना प्रविधि विभागले तयार गरी उपलब्ध गराएको वेबसाइटको टेम्प्लेटमा गुनासो गर्ने र सोको सम्बोधन गर्ने बटनसमेत समावेश छ । सोही बटनलाई थप सम्पादन गरी 'मिट योर मिनिस्टर' भन्ने फरक खालको अन्तरक्रियात्मक फिचर सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको वेबसाइटमा समावेश गरिएको छ । यी र यस्ता प्रविधियुक्त सुविधाको प्रयोगले प्रयोगकर्ताको दृष्टिकोण प्राप्त गरी सुधार गर्ने बाटो खुला हुने आशा गर्न सकिन्छ ।

**सुरक्षित सूचना प्रविधिको प्रसङ्ग**

नेपालमा सुशासन, विद्युतीय सुशासनको चर्चा हुन लागेको दुई दशक बितिसकेको छ । अभ्यासको लेखाजोखा गर्दा केही मात्र कार्यालय वा सङ्गठनहरू मात्र सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा चुस्त र सफल देखिन्छन् भने कतिपयले प्रयोगमा ल्याएका सूचना तथा सञ्चार प्रविधि प्रणालीहरू अपूरा र असुरक्षित छन् । शासकीय व्यवस्थामा सुधारका लागि आवश्यक ठानिएका सहभागिता, पारदर्शिता, अनुमानयोग्यता र जवाफदेहिता प्रवर्द्धनमा सूचना तथा सञ्चार प्रविधि सहयोगी हुने देखिएको छ । केही वर्षयता घाटाका प्रणाली अवरुद्ध हुनेसम्मका घटना तथा साइबर अपराधको बढ्दो क्रमलाई दृष्टिगत गर्दा सूचना प्रणालीको प्रयोगमा साइबर सुरक्षाको विषय पेचिलो बन्दै गएको छ । यस वर्षका लागि तय भएको नारामा रहेको सुरक्षित सूचना प्रविधिले यस विषयलाई इङ्गित गरेको हुनुपर्दछ । सफ्टवेयर, वेबसाइट, हार्डवेयरको स्तरीकरणका साथै निगरानी गर्ने प्रणालीका साथै तथ्याङ्कको सुरक्षाको विषयसमेत साइबर सुरक्षामा पर्दछ । साथसाथै, प्रयोगकर्ता होसियार हुनुपर्ने विषयलाई शिक्षा तथा सचेतनाको माध्यमबाट समेट्नुपर्ने देखिन्छ ।

पछिल्लो समयमा आएर टेलिफोन प्रविधिमा मात्र तीव्र विकास भएको छैन कि हार्डवेयर र सफ्टवेयरका नवीन र भरपर्दा विकल्पहरू विकसित भइरहेका छन् । डाटा भण्डारण, डाटा विश्लेषण र विविध क्षेत्रमा रोबोटिक्स एवम् मेसिन लर्निङ र समग्रमा आर्टिफिसियल इन्टेलिजेन्सको प्रयोग बढ्दै गएको छ । सूचना तथा सञ्चार प्रविधिको प्रयोगका लागि तीक्ष्ण बुद्धि भएका जिज्ञासु जनशक्तिको खाँचो मात्र छैन कि विद्यमान जनशक्तिलाई सूचना प्रविधिले सिर्जना गरेका अवसर लिन सक्ने बनाउनका लागि उपयुक्त प्रशिक्षण तथा सिक्ने वातावरणको समेत खाँचो छ । यसका साथै मुलुकभित्रै युवाहरूलाई आइसिटीसम्बन्धी काममा संलग्न गराई समयको धारअनुसारको अर्थतन्त्र निर्माणमा सरिक हुनुपर्ने देखिन्छ ।

**सुशासनका लागि आइसिटी**

राम्रो शासन व्यवस्थालाई सुशासन भनिन्छ भने यसको एक बलियो माध्यमका रूपमा सूचना प्रविधियुक्त शासन वा विद्युतीय शासन रहेको छ । सूचना तथा सञ्चार प्रविधिलाई नागरिक र सरकारको बीचमा सम्पर्क सूत्रका रूपमा प्रयोग गर्ने कार्य विद्युतीय शासनले गर्दछ । विद्युतीय शासनको उद्देश्य भनेको सरकार, बजार र नागरिकका राष्ट्रिय, प्रादेशिक र स्थानीय तहमा रहेका सेवासँग जोडिएका प्रक्रियाहरूलाई सरलीकृत गर्नु हो । विद्युतीय शासन भनेको सुशासन स्थापनाको नवीनतम् र गतिशील आयाम हो । यसमा सेवा प्रवाहमा सुधारका विषय त समेटिन्छन् नै सँगसँगै वस्तु तथा सेवाको उत्पादन र वितरणलाई थप प्रभावकारी तुल्याउने काम पनि पर्दछन् ।

विद्युतीय शासनले पूर्णता पाउनका लाग संस्थागत वातावरण सहितको स्पष्ट सोच र नीति, विद्युतीय शासनका लागि तयारी र सो को समीक्षा, सफ्टवेयर/हार्डवेयर विकास र व्यवस्थापन, सीपयुक्त र समर्पित जनशक्ति, सरोकारवालाबीच तत्सम्बन्धमा एउटै बुझाइ, निरन्तरको इनोभेसन, एकापसमा सञ्जालीकरण र निरन्तर अद्यावधिक गर्ने कुरा पर्दछन् । विद्युतीय शासन स्थापनाका लागि उल्लिखित विषयहरूका अलावा नेतृत्वको इच्छाशक्ति पनि महत्वपूर्ण हुन आउँछ । माग पक्षको रुचि र प्राथमिकता पहिचान गर्दै उपयुक्त ढङ्गले स्तरीय सेवा उपलब्ध गराउने विषयले मात्र सुशासन प्राप्त हुन सक्छ जसका लागि आइसिटीको प्रयोग सहयोगी हुने देखिएको छ ।

विश्व परिवेशमा अगुवा ट्रेन्डसेन्टरका रूपमा हाल प्रविधिजन्य क्रान्ति देखिएको छ । यसैको परिणामस्वरुप शासन सञ्चालनमा विद्युतीय माध्यमको प्रयोग अर्थात् ई गभर्नेन्सले स्थान र चर्चा पाएको छ । यसबाट सरकार र सरकार, सरकार र नागरिक, सरकार र बजार तथा सरकार र राष्ट्रसेवकबीच पनि सम्बन्ध स्थापना भई शासन प्रक्रिया थप सशक्त र सिर्जनशील बन्दछ । दोहोरो सञ्चार कायम गर्ने गरी सूचना तथा तथ्याङ्कलाई पद्धतिमा ढाल्ने र मिल्दोजुल्दो कामलाई साझा प्लेटफर्ममा समेट्ने प्रयत्न भने आवश्यक छ ।

शासन सञ्चालक वा शासन प्रणालीप्रति नागरिक विश्वास अभिवृद्धि गर्न विद्युतीय शासन सहयोगी देखिएको छ । काम कारबाहीमा पारदर्शिता र जवाफदेहिता मात्र हैन विश्वसनीयतासमेत बढाउँदछ । यसका साथै सूचना तथा सञ्चार प्रविधिको प्रयोगले सार्वजनिक क्षेत्रमा हुने गरेका अनियमितता र चुहावट घटाउँछ, सरोकारवालाबीच मात्र हैन कि सेवाग्राही र सेवा प्रदायकबीचको अन्तरक्रिया बढाउँछ । सार्वजनिक सेवामा कारोबारको लागत तथा समय घटाउँदछ, मानवीय व्यवहार र स्वभावजन्य त्रुटिहरू घटेर जान्छन् । नियन्त्रण निर्माणका क्रममा सूचना प्रशोधनको तह घट्दछ, अनुगमन मूल्याङ्कन प्रक्रिया सरल बन्दछ, प्रभावकारी बन्दछ । यसका साथै एउटै स्थानबाट धेरै सेवा प्रवाह सम्भव हुने, घरमै बसेर सेवा प्राप्त गर्न सकिने जस्ता परिणाम पनि देखापर्दछ ।

सन् १९९६ देखि सन् २०१० को अवधि र एक सय ७० वटा देशको तथ्याङ्कका आधारमा भएको अध्ययनले के निष्कर्ष निकालिएको छ भने जहाँ इन्टरनेट प्रयोगकर्ताको सङ्ख्या बढी हुन्छ उक्त देशमा चाहे जस्तोसुकै शासन प्रणाली अपनाइएको भए पनि कुशल र स्थायी शासन हुन्छ । इन्टरनेटले सूचनामा पहुँच बढाउने, एकभन्दा बढी स्रोतहरूबीच सामाञ्जस्यता ल्याउने र राजनैतिक संवादको लागि मञ्च तयार गर्दछ । नेतृत्व तहलाई पारदर्शी र जवाफदेही बनाउन पनि इन्टरनेट सहयोग हुन्छ । अध्ययनले इन्टरनेटलाई थप चरणका रूपमा समावेश गर्न सिफारिससमेत गरेको छ ।

आइसिटीको प्रयोगलाई व्यापक र प्रभावकारी बनाउनका लागि खासगरी शासकीय व्यवस्थाका सबै पक्षहरू जस्तो कि सरकार, नागरिक, निजी क्षेत्र र संलग्न जनशक्ति सबैमा आइसिटी मैत्री व्यवहार आवश्यक पर्दछ । आइसिटीको सुरक्षित प्रयोगबाट सेवामा पहुँच बढ्न गई सामाजिक समावेशीकरणमा टेवा पुगेको, सूचना प्रवाहको मात्रा बढेको र गुनासो समाधान सरल भएको अध्ययनहरूले देखाएका छन् । सुगम र दुर्गम वा सहर र ग्रामीण क्षेत्रमा देखिएको आइसिटी प्रयोगको अन्तरलाई डिजिटल डिभाइड हुन गई एउटा नयाँ खालको असमानताको सिर्जना भएको छ । यसको समाधानका लागि पूर्वाधारमा लगानी, डिजिटल साक्षरता र सुविधाको सबै शासकीय तहमा विस्तार आवश्यक देखिन्छ ।

इन्टरनेट वा विद्युतीय माध्यमको प्रयोग गरी वस्तु तथा सेवाको स्वामित्व स्थानान्तरण गर्ने कार्यलाई विद्युतीय व्यापार वा इकमर्स भन्ने गरिन्छ । वस्तु तथा सेवा खरिदका लागि आदेश जारी गर्ने, वस्तु तथा सेवा उपलब्ध गराउने तथा गुनासो सुनुवाइ गर्ने काम यसमा समेटिन्छन् । आइसिटीको प्रयोगबाट उपभोक्तासँगको बजारको सम्बन्ध विस्तार भएको छ । फलस्वरुप व्यक्ति रहेको ठेगानामा छनोटअनुसारका चिजवस्तुहरू डेलिभरी गर्ने पद्धति विकसित हुँदै गएको छ ।

कोभिडपश्चातको परिस्थितिमा विद्युतीय माध्यमबाट हुने कारोबारमा पाँच सय प्रतिशतसम्म वृद्धि भएको सर्भेक्षणले देखाएको छ । इकमर्स अपनाउँदा कारोबारको लागत घट्छ भने सुरक्षा बढ्छ । नगद छाप्न लाग्ने लागत र जोगाइराख्नमा रहेको जोखिम हटेर जान्छ । अर्को चाखलाग्दो कुरा त के भने इकमर्स प्रारम्भ गर्न ठूलो लगानी लाग्दैन । मात्र आवश्यकता के छ भने इकमर्सको पूर्ण सफलताका लागि सर्वसाधारणहरू नै डिजिटल साक्षर हुनु जरुरी हुन्छ ।

त्यसैगरी, इपेमेन्टका लागि तत्पर र इच्छुक भएमा मात्र इकमर्सको समेत बढोत्तरी हुँदै जान्छ । इकमर्स कुनै देशभित्र सीमित हुनुनपर्ने हुँदा यसखाले व्यापारिक मोडका कारण एउटा कुनै स्थानमा प्रारम्भ गरिएको उत्पादनको विश्व बजारमा फराकिलो पहुँच वृद्धि सम्भव छ । त्यसो त पर्याप्त तयारीका साथ गरिएको इकमर्स आफैँमा औपचारिक बजारको पात्र बन्न पुग्दछ ।

कारोबारपछिको सूचना तथा तथ्याङ्क सजिलै प्राप्त सम्भव हुन्छ । उपभोक्तालाई उपलब्ध हुन सेवा र आपसी सम्बन्धमा थप प्रगाढता आउने हुन्छ । सरसर्ती हेर्दा बजार सक्रिय देखिएता पनि यसको समग्र व्यवस्थापन र नियमनका लागि सरकारी, निजी र सर्वसाधरण नागरिकको पनि आ-आफ्नै भूमिका हुने र हुनुपर्ने देखिन्छ । खासगरी भीडभाड हुनु जोखिमको विषय हुने कोभिड र यस्तै अन्य महामारीका बखत सुरक्षित किनबेचको मोडलका रूपमा इकमर्स एउटा राम्रो विकल्प हुने देखिन्छ । राज्यका तर्फबाट र व्यापारिक छाता सङ्गठनको दायित्वको दृष्टिकोणबाट समेत व्यवसायलाई औपचारिक र पहिचानयुक्त बनाउने एउटा कडी इमर्स हो । हुन त यसले अवसरसँगै चुनौती पनि थप गरेको छ । यो सीमाविहीन हुन्छ । नेपालले ढिलै भएपनि नेपालले इकमर्स रणनीति र कानुनको मस्यौदा तयार गरेको छ । विधेयकलाई अन्तिम रुप दिनुअघि इकमर्सका विज्ञ र सञ्चालकसँग पटकपटक छलफल गरी अन्तिम रुप दिनुपर्दछ ताकि कानुन आउनासाथ कार्यान्वयनमा समस्या नपरोस् । कानुन एउटा पूर्वाधार हो । सचेतना, सकारात्मक मानसिकता पनि इकमर्सका लागि आवश्यक सर्त हुन् ।

**समृद्धिका लागि आइसिटी**

केही वर्षपहिले तनहुँ दमौली नजिकको मानहुकोट सामाजिक सञ्जालमा अपलोड भएको भिडियोकै कारण आकर्षणको केन्द्रमा बदलिएको छ । स्थानीय तहले पूर्वाधारमा लगानी गरेको छ । यसखाले थुप्रै पर्यटकीय स्थल तथा प्रोडक्टहरूको प्रचारप्रसार गर्न आइसिटी सहयोगी हुन्छ । भाइरल गीत वा भिडियोले रोयल्टीमार्फत कमाई पनि गरेका हुन्छन् । सूचना तथा सञ्चार प्रविधिको उचित प्रयोगबाट उपलब्ध स्रोत साधन र सम्भावनाहरूको सही पहिचान हुने, सदुपयोग हुने मात्र नभई रोजगारी र आय बढ्ने तथा वितरण तथा पुनः वितरण सरल एवम् वैज्ञानिक भई असमानता र बेमेल हटेर जाने जस्ता राम्रो परिणाम निस्कन्छन् । आर्थिक समृद्धिसँगै स्वतन्त्रताको अभ्यास, बौद्धिक तथा सिर्जनात्मक कार्यहरू सम्भव हुने, आध्यात्मिक आयाम बलियो हुने, विभेद र वञ्चितीकरण हटेर गई समाजमा मेलमिलाप र सामञ्जस्यता बढेर जाने सही अर्थमा समृद्ध देश सुखी नेपालीको गन्तव्य हासिल हुन्छ । यसरी प्रयोगमा आउने आइसिटी सुरक्षित र विश्वसनीय हुन जाँदा कारोबार लागत घट्ने र लगानी वातावरण तयार गर्न सहयोगी हुन जान्छ ।

सारमा भन्नुपर्दा सूचना प्रविधिको प्रयोग अपरिहार्य छ यसको सुरक्षित प्रयोगका लागि तत्काल सम्भव देखिएका साइबर सुरक्षाका सबैखाले उपायहरू अवलम्बन गरिनु पर्दछ । आइसिटीको प्रयोगलाई सर्वसाधारणको जीविकासँग जोड्न र मुलुकको उत्पादकत्व बढाउन सक्ने गरी सरकारी, निजी र सामुदायिक क्षेत्रले आपसी समन्वयमा काम गर्नुपर्ने देखिन्छ । आइसिटी क्षेत्रका प्राज्ञिक संस्था र विज्ञहरूले देशमा आइसिटी क्षेत्रको सुधारका लागि गरेको योगदानको कदर र सम्मान गर्नसमेत पछि पर्नुहुँदैन । (लेखक सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव हुनुहुन्छ)

## विश्व समाचार

### सीमा क्षेत्रमा शान्तिसुरक्षा कायम गर्न भारत र चीन सहमत

नयाँदिल्ली, १९ फागुन (रासस एएनआई) ।

आफ्नो सीमा क्षेत्रमा शान्ति, सुरक्षा र स्थायित्व कायम गर्न भारत-चीन सहमत भएका छन् । भारत र चीनबीच हालै चीनको चुसुल मोल्दोमा भएको १८ औं चरणको सैन्य वार्तामा उक्त सहमति भएको हो ।

भारत र चीन वास्तविक नियन्त्रण रेखा (लाइन अफ कन्ट्रोल) को पश्चिमी क्षेत्रको भूमिमा सुरक्षा र स्थायित्व कायम गर्न सहमनत भएका हुन् । दुवै देशले निकट सम्पर्कमा रहने, सैन्य एवम् कूटनीतिक माध्यमबाट वार्तालाई निरन्तरता दिन तथा समाधान गर्न बाँकी सबै मुद्दा पारस्परिक सहमतिमा निरुपण गर्ने प्रतिबद्धता जनाएका छन् ।

"पश्चिमी क्षेत्रको लाइन अफ कन्ट्रोलसँग सम्बन्धित विवाद समाधान गर्न दुवै पक्षबीच गहन छलफल भएको छ , सीमा क्षेत्रमा शान्ति स्थापना गर्ने तथा पारस्परिक सम्बन्धलाई अझ सुदृढ बनाउने सहमति भएको छ," बैठकपछि जारी विज्ञप्तिमा भनिएको छ ।

पाँच महिनाको अन्तरालमा चीन र भारतका सैन्य अधिकारीबीच उक्त बैठक भएको हो । दुवै देशका लेफ्टिनेन्ट जनरलले नेतृत्व गरेको उक्त बैठकमा चीन र भारतका उच्च सैनिक अधिकारीको सहभागिता थियो ।

### 'युक्रेन युद्धमा एक लाख रुसी मारिए'

वासिङ्टन, १९ वैशाख (रासस/एपी) ।

युक्रेन युद्धका कारण गत डिसेम्बर यता एक लाख रुसी मारिएका अमेरिकाले जनाएको छ । ह्वाइट हाउसका अनुसार उक्त अवधिमा २० हजार रुसी सैनिकसहित एक लाख जनाले ज्यान गुमाएका हुन् ।

युक्रेनी सेनाले पूर्वी क्षेत्रमा भएको रुसी आक्रमणको प्रतिकारमा रुसले अधिक क्षति व्यहोरेको अमेरिकी राष्ट्रिय सुरक्षा परिषद् सल्लाहकार जोन किर्बीले नियमित पत्रकार सम्मेलनमा बताएका हुन् । पूर्वीडोनेट्स्क क्षेत्रमा भीषण युद्ध भएको तथा युक्रेनी सेनाको सामना गर्दै रुसले बाख्मुट सहरलाई आफ्नो नियन्त्रणमा लिन सङ्घर्ष गरिरहेको छ ।

अमेरिकी गुप्तचर निकायबाट प्राप्त सूचनाका आधारमा सल्लाहकार किर्बीले रुसले व्यहोरेको उक्त क्षतिको जानकारी दिएका भए पनि हताहतीको उक्त विवरणको आधारबारे स्पष्ट गरेका छैनन् । गत नोभेम्बरमा अमेरिकी सेनाका एक जना वरिष्ठ अधिकारीले रुसमा एक लाखभन्दा बढीले ज्यान गुमाएका वा घाइते भएका बताएका थिए । रुसले व्यहोरेको पछिल्लो क्षतिबाट मस्को दबाबमा परेको देखिएको छ ।

सल्लाहकार किर्बीका अनुसार मारिएकामध्ये करिब आधा भाडाका सैनिक वाग्नर समूहका हुन् । उनीहरूलाई युद्धमा सहभागी हुन कारागारबाट मुक्त गरिएको थियो । उनीहरू बिना प्रशिक्षण युद्धमैदानमा पुगेका थिए ।

केही विश्लेषकले बाख्मुटलाई नियन्त्रणमा लिनु रुसका निम्ति महत्वपूर्ण छ किनकी डोनेट्स्क क्षेत्रको क्रामाटोर्स्क र स्लोभियान्स्कका ठूला सहरमा अगाडि बढ्ने प्रयासमा रुसलाई सहज हुनसक्छ ।

### हराएका किशोरीको खोजी गर्दा सात जनाका शव भेटिए

हेन्रीएटा (ओक्लाहोमा), १९ वैशाख (रासस/एपी) ।

ओक्लाहोमामा हराएका किशोरीको खोजीका क्रममा सात जनाका शव भेटिएका छन् । ओक्लाहोमा सहरबाट एक सय ४५ किलोमिटर पूर्वमा अवस्थित हेन्रीएयटा सहरमा गरिएको खोजतलासका क्रममा सात जनाको शव भेटिएको अनुसन्धान अधिकारीले बताएका छन् ।

ओक्लाहोमा राज्यको अनुसन्धान कार्यालयका प्रवक्ता जेराल्ड डेभिडसनले चिकित्सा परीक्षणबाट मृतको परिचय खुल्ने बताउँदै हराएका किशोरी पनि ती मृतकको समूहमा भएनभएको जानकारी परीक्षण पछि मात्र ज्ञात हुने जनाएका छन् । मृतकहरूको परिचय सार्वजनिक गरिएको छैन ।

चौध वर्षीया आइवी वेबस्टर र १६ वर्षकी ब्रिटनी बुवर हराएकाले उनीहरूको खोजबिनका लागि सोमबार जारी गरिएको 'खोजीको सूचना' सोमबार अपराह्न ओक्लाहोमा राज्यमार्ग गस्तीले रद्द गरेको छ ।

वेबस्टर र ब्रुवरलाई यौन अपराधमा कारागारबाट छुटेका जेसी म्याकफडेनसँग यात्रामा रहेको देखिएको थियो । बलात्कारमा दोषी उनी सन् २०२० को अक्टोबरमा रिहा भएका थिए ।

### सात जना आतङ्कवादी पक्राउ

इस्लामावाद, १९ वैशाख (रासस/सिन्ह्वा) ।

पाकिस्तानी सेनाले आतङ्कवादीविरुद्ध उत्तरपश्चिमी पाकिस्तानको वजिरिस्तानमा गरेको खोजतलासको कारवाहीमा सात जना पक्राउ परेका छन् ।

गुप्तचर सूचनामा आधारित खोजतलासका क्रममा सेनाले उत्तरी वजिरिस्तानको मिरान शाह क्षेत्रबाट उनीहरूलाई नियन्त्रणमा लिएको पाकिस्तानी सेनाको सञ्चार विभाग (आइएसपिआर)ले जनाएको छ । आतङ्कवादी समूह ताहरिक ए तालिवान पाकिस्तानका कमाण्डर लालालगायत पक्राउ परेका आइएसपिआरको विज्ञप्तिमा जनाइएको छ ।

सुरक्षा फौज र सर्वसाधारणलाई लक्षित गरेर उक्त समूहले धेरै स्थानमा आतङ्कवादी गतिविधि सञ्चालन गर्दै आएको थियो । सुरक्षा निकायले उक्त समूहका सदस्यलाई खोजीको सूचीमा राखेर लामो समयदेखि खोजतलास गर्दै आएको थियो ।

सोमबार आतङ्कवादी पक्राउ परेकामा सुरक्षा बलको सराहना गर्दै स्थानीय बासिन्दाले देशबाट आतङ्कवादलाई परास्त गर्न सेनालाई निरन्तर सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

# बसको ठक्करबाट मोटरसाइकल पछाडी सवार महिला घाइते

**दैनिक समाचारदाता**
**राजविराज, १९ बैशाख ।**

सप्तरीको रुपनी गाँउपालिकास्थित ५ पाँच किलोमा बसले मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल पछाडी सवार महिला घाइते भएकी छिन् ।

रुपनी राजबीराज सडक खण्डमा दक्षिणबाट उत्तरतर्फ आउदै गरेको मे.१ख.२२०९ नं.को बसले सोहि दिशा तर्फ आउदै गरेको स.८प.६२६९ नं.को मोटरसाइकलाई पछाडीबाट ठक्कर दिदा मोटरसाइकल पछाडी सवार शम्भुनाथ नगरपालिका १ खोकसर निवासी शोभाकान्त चौधरीको २८ वर्षिया श्रीमती निशा चौधरी घाइते भएकी छिन् ।

उनको ढाडमा चोट लागेकोले स्थानिय रुपनी मेडिकलमा उपचार भईरहेको तथा मोटरसाइकल र ठक्कर दिने बस तथा चालकलाई प्रहरीले नियन्त्रणमा लिई आवश्यक अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## *विंगर दुर्घटना...*

गरेको ना.१ज.८७६३ नं. को विङगर मंगलबार आफै अनियन्त्रित भई सुखा पोखरीमा दुर्घटना हुदा विङगरमा सवार कंचनरुप ६ निवासी ५० वर्षिया बसिया देवी चौधरी, बिरेन कुमार चौधरीकी १६ वर्षिया छोरी सन्तोषी कुमारी चौधरी, खडक ९ बस्ने ब्रहमदेव चौधरीकी १६ वर्षिया छोरी सन्तोषि चौधरी, १८ वर्षिया अन्जलि चौधरी र शम्भुनाथ उतराही टोल निवासी ५० वर्षिया माया देवी चौधरी घाइते भएका छन् ।

घाईते सबैको धर्मेश्वर अस्पताल ठेलियामा उपचार भईरहेको तथा फरार रहेका विङगर चालकको खोजतलास भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## *ट्याक्टरको ठक्करबाट ...*

नखुलेको ट्याक्टरले ठक्कर दिदाँ स्थानिय २० वर्षिय दिलिप कुमार साह घाइते भएका छन् । उनको छातिंमा चोट लागेकोले लहानस्थित सप्तऋषी अस्पताल उपचारका लागि लगिएको प्रहरीले जनाएको छ ।

ट्याक्टर चालक फरार रहेकाले प्रहरीले ट्याक्टरलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# आर्थिक विकास र समृद्धिका लागि सरकारको स्थायित्व जरुरी : अध्यक्ष यादव

काठमाडौँ, १९ वैशाख (रासस) ।

जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले नेपालको आर्थिक विकास र समृद्धिका लागि सरकारको स्थायित्व जरुरी रहेको बताउनुभएको छ ।

सिंहदरबारमा मंगलबार प्रतिनिधिसभा सदस्यको शपथ ग्रहणपछि सञ्चारकर्मीसँग कुराकानी गर्दै अध्यक्ष यादवले सरकारको स्थिरता लोकतन्त्रको विकासका लागि पनि महत्वपूर्ण हुने उल्लेख गर्नुभयो । "नेपालको आर्थिक विकास र समृद्धिका लागि सरकारको स्थायित्व आवश्यक छ", उहाँले भन्नुभयो, "अस्थिरताले कसैलाई हित गर्दैन, त्यसैले सरकारको कार्यकाल पूरा हुनुपर्छ भन्ने हाम्रो पार्टीको धारणा छ ।"

फरक प्रसङ्गमा अध्यक्ष यादवले सरकारमा बाँकी रहेका मन्त्रिमण्डलले चाँडै पूर्णता पाउने विश्वास व्यक्त गर्नुभयो । उहाँले पार्टीबाट कस्को नेतृत्वमा सरकारमा सहभागी हुने भन्नेबारे छिट्टै निर्णय गरिने पनि जानकारी दिनुभयो । "अहिलेको अवस्थामा वृहत राष्ट्रिय समझदारीको आधारमा सरकारको स्थायित्व र आर्थिक विकासतर्फ मुलुकलाई अघि बढाउनुपर्छ । मुलुकमा राजनीतिक अस्थिरता रहिरह्यो, सरकार चाँडो-डाडो (दुई महिना-छ महिनामा फेरिनु) बद्लिरह्यो भने देशको विकास र प्रणाली माथि पनि असर पर्छ, त्यसले जनतालाई फाइदा पुग्दैन", अध्यक्ष यादवले भन्नुभयो ।

संसदीय प्रक्रियामा संसदीय समितिको महत्वपूर्ण भूमिका रहने भएकाले समितिमा पार्टीको तर्फबाट सक्रिय भूमिका रहने उहाँले बताउनुभयो ।

# नेपाली क्रिकेट खेलाडीलाई प्रधानमन्त्रीको बधाई

काठमाडौँ, १९ वैशाख (रासस) ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले एसिसी मेन्स प्रिमियर कप क्रिकेट प्रतियोगिताको विजेता टोली नेपाललाई हार्दिक बधाई ज्ञापन गर्नुभएको छ ।

प्रधानमन्त्री दाहालले खेलाडीको योगदानप्रति उच्च सम्मानसहित सरकारका तर्फबाट थप प्रोत्साहन र पुरस्कृत गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको हो ।

प्रधानमन्त्री खेलाडीहरूलाई शुभकामना दिँदै भन्नुभयो, "एसिसी मेन्स प्रिमियर कप क्रिकेटमा विजेता नेपाली टोलीलाई हार्दिक बधाई ज्ञापन गर्दै खेलाडीहरूको योगदानप्रति उच्च सम्मानसहित सरकारका तर्फबाट थप प्रोत्साहन र पुरस्कृत गर्ने प्रतिबद्धता व्यक्त गर्दछु ।"

प्रधानमन्त्री 'प्रचण्ड'को निर्देशनबमोजिम उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ र उपप्रधानमन्त्री तथा रक्षामन्त्री पूर्णबहादुर खड्का खेलाडीहरूलाई हौसला बढाउन खेल मैदान पुग्नुभएको थियो । साथै, जितपश्चात् उहाँले सम्पूर्ण खेलाडीहरूलाई बधाई दिनुहुँदै जितको खुसी साट्नु भएको थियो ।

उक्त कपको उपाधि जित्दै नेपाल एसिया कपमा छनोट भएको छ । मंगलबार सम्पन्न एसिसी मेन्स प्रिमियर कपको फाइनलमा युनाइटड अरब इमिरेट (युएई) लाई सात विकेटले पराजित गरेसँगै नेपालले आगामी सेप्टेम्बरमा हुने एसिया कपमा स्थान पक्का गरेको हो ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**राजगढ गाउँपालिका, सप्तरी**


**डा. कालीप्रसाद यादव**
**MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203**
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

**डा. रिपला आचार्य**
**MBBS, MD (BPKIHS) NMC NO. 19992**
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
**डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी**
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**

**गर्मी मौसममा संक्रामक रोगबाट बचौं र बचाऔं।**
>गर्मी मौसममा मलेरिया, कालाजार, डेंगु, हैजालगायतका विभिन्न संक्रामक रोगहरु फैलिन सक्दछन्।
>संक्रामक रोग फैलाउने झिँगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं।
>संक्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं,
>बासी तथा सडेगलेका खाना नखाऔं,
>घर भित्र र वरपरको सरसफाईमा ध्यान दिऔं।
नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit | City Express Money Transfer – Money Transfer Made Easy | Best Remit – Quick & Easy | Prabhu Money Transfer – प्रभुको इच्छा – रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money – Chaudhary Group


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*